# प्रयोगात्मक लेखनका सन्दर्भमा पोस्टर र लात उपन्यासको विवेचना

**राजीव विश्वकर्मा**
परिमल मित्र स्मृति महाविद्यालय

**सार**

*प्रदीप गुरुङ नेपाली साहित्यका परिचित कथाकर हुन्। कथाकार गुरुङ परम्पराको गति बुझ्न सक्ने साथै मानवीय समाजका विसङ्गतिहरूको चुरो समाउन सक्ने आलोचनात्मक सामाजिक यथार्थवादी आख्यानकार हुन्। उनका विभिन्न इतिवृत्तात्मक कृतिहरूमध्ये पोस्टर र लात नयाँ प्रयोगको उपन्यास हो। यसलाई भारतबाट प्रकाशित पहिलो सूत्र उपन्यास मानिन्छ। प्रस्तुत प्रबन्धमा प्रयोगात्मक लेखन सन्दर्वित पोस्टर र लात उपन्यासको विवेचना गरिएको छ।*

**बीज शब्द**

*सूत्रात्मक शैली, स्वैरकल्पना, पठनमा स्वतन्त्रता, श्याम व्यङ्ग्य, भ्रमको उत्पत्ति।*

**शोध विधि**

*यो लेख निगमनात्मक शोध विधिका आधारमा लेखिएको छ। यस लेखको भाषा व्याकरण अथवा वर्ण विन्यास भारतीय भाषा संस्थान मैस्युर अनि सिक्किम अकादमीद्वारा प्रकाशित 'नेपाली लेखशैली'-मा आधारित छ। शब्दार्थका लागि प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग गरिएको छ।*

**परिचय**

प्रयोगात्मक नेपाली शब्दकोशमा सामाजिक परिवेश तथा चरित्रहरूको चित्रण भएको धेरै परिच्छेदमा विभाजित आख्यानात्मक गद्यरचनालाई उपन्यास भनिएको छ।[१] आख्यान भनेको कथाहरूको उपस्थिति हो। यसमा कथन (नेरेसन) र त्यस कथनलाई भन्ने मान्छे वा कथक (नेरेटर)-को उपस्थिति अनिवार्य मानिन्छ। आख्यानमा कथा तत्त्व अनिवार्य रहने हुनाले विभिन्न रूप र आकृति भएका कथा र उपन्यासमा मात्र यसको उपस्थिति होइन नाटक, खण्डकाव्य, महाकाव्य जस्ता अन्य साहित्यिक विधाहरूमा पनि कथा तत्त्व रहेको हुन्छ। यद्यपि अचेल आख्यान भन्नाले कथा र उपन्यास मात्र बुझ्ने-बुझाउने चलन रहेको छ।[२] कथा र उपन्यास दुईवटै गद्यात्मक रचना अन्तर्गत पर्दछन्। यी दुईवटै विधाअन्तर्गत स्वरूप संरचना समान गुणका पाइन्छ। यद्यपि उपन्यासका तुलनामा कथामा घटना वा वस्तु, पात्र, आकार-प्रकार, समय सीमा, गति, दृश्य, आदि सीमित रहेका हुन्छन्। अत: उपन्यासको प्रस्तुति सिङ्गो परिवेशभित्र अटाउन खोज्छ भने कथामा सोझो जीवनको एकल प्रस्तुति मात्र रहेको हुन्छ। कथालाई लामो बनाउँदा उपन्यास हुँदैन। त्यसरी नै उपन्यासलाई छोटो बनाउँदा कथा बन्दैन। कथा आफ्नै संरचनामा निर्मित विषय हो भने उपन्यास पनि आफ्नै संरचनाले निर्मित भएको हुन्छ। यी दुई विधाका आआफ्नै संविधानहरू हुन्छन्। यिनीहरूका आआफ्नै सीमा, मूल्य र परिवेशमा रहेका हुन्छन्। यसैले उपन्यास

---

१ हेमङ्गराज अधिकारी (प्र सम्पा), सन् २००४, *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौ: विद्यार्थी प्रकाशन प्रालि, पृ. ११५

२ घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा*, सिलगढी : एकता बुक हाउस प्रालि, पृ. १६

# प्रदीप गुरुङका कथाहरूमा बालश्रमिक उत्पीडन

■ राजीव विश्वकर्मा

**सार :** प्रदीप गुरुङका कथाहरूमा बालश्रमिक उत्पीडनको चित्रण र विश्लेषण गर्नु यस अध्ययनपत्रको उद्देश्य रहेको छ। यसमा बाल्यावस्थामै निम्नवर्गका बालक–बालिका शोषित र उत्पीडित हुनपरेको बाध्यता र सामाजिक स्थिति स्पष्ट पार्न आर्थिक, पारिवारिक, राजनैतिक, धार्मिक आदि कारणहरूको अध्ययन गरिएको छ। सम्बन्धित समस्याको समाधान र रोकथामका निम्ति सचेत तुल्याउन विभिन्न सरकारी ऐन–कानून र गैरसरकारी निकायहरूको तत्परता यस अध्ययनपत्रमा चर्चा गरिएको छ। मानवीयताको सशक्त पक्ष पनि यस समस्याको समाधान हेतु कारक तत्त्व हुन सम्भव छ।

**बीज शब्द :** बालश्रम, कारण निरोधक ऐन र गैर सरकारी निकाय, मानवीयता।

## १. विषय प्रवेश

प्रदीप गुरुङ भारतीय नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकारका रूपमा परिचित छन्। उनका अधिकांश कथाहरू मानव समाज र मानवका नाना समस्यामा केन्द्रित रहेको पाइन्छ। अर्थात् उनका कथाहरूमा आफू बाँचेको समाज, समय र परिवेशप्रति तदिक्खर दृष्टि रहेको पांइन्छ। उनका प्रकाशित कथा सङ्ग्रहहरू १. 'असुरक्षित' (१९८०), २. 'यस्तै अनि यस्तै' (२००१), ३. 'बिरिमफूल' (२००७), ४. 'वैरी माया' (२०१६) हुन्। उनका केही कथाहरू बालश्रमिक उत्पीडन विषयमा लेखिएका छन्। त्यस्ता कथाहरूमध्ये १. 'काम खान लगिएकी केटी', २. 'शायद यस्तो पनि एउटा कथा', ३. 'महरू', ४. 'फुच्चे', ५. 'काली केटी र सरहरू' प्रमुख छन्। उल्लिखित कथाहरूमा पाइने बालश्रमिक उत्पीडनको समीक्षा गर्ने यस लेखको उद्देश्य रहेको छ।

### १.१ बालश्रमको अर्थ र परिभाषा

बालश्रम दुईवटा शब्द मिलेर बनिएको छ– बाल र श्रम। साधारणतः चौध वर्ष मुन्तिरका नानीहरूलाई बाल–बालिका भनिन्छ। श्रमको अर्थ हुन्छ शारीरिक परिश्रम। *प्रयोगात्मक नेपाली शब्दकोश* अनुसार चौध वर्षभन्दा मुनिको उमेर भएको अथवा बालिग नभएको अवस्थालाई बाल्यावस्था भनिएको छ।[१] श्रम शब्दले कुनै बस्तु उत्पादन गर्दा वा केही काम गर्दा चाहिने शारीरिक शक्ति, मिहिनेत वा परिश्रम बुझाउँछ।[२] अतः

---

१. हेमङ्गराज अधिकारी (प्र. सम्पा.), सन् २००४, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रालि, पृ. ७१६।

२. हेमङ्गराज अधिकारी (प्र. सम्पा.), पूर्ववत्, पृ. ९४६।

# नेपाली समाजमा पाइने अभिवादन शैली

राजीव विश्वकर्मा,

नेपाली बिभाग, परिमल मित्र स्मृति महाविद्यालय, मालबज़ार, जलपाईगुड़ी

## १. विषय प्रवेश

संस्कृति शब्द संस्कृत भाषाको संस्कार नामपदाट विकसित भएको हो।संस्कृति भनेको कुनै पनि जाति, राष्ट वा समुदायले आर्जन गर्दै आएको सुरूचिसम्पन्न जीवन हो।संस्कृतिका दुईवटा पाटाहरू देखिन्छन्- विचारधारा र आचारधारा।आचारधाराबिनाको विचारधारा नैतिकताबिनाको शिक्षाजस्तो हुन्छ।संस्कृतिमा धैर्य, क्षमा, अहिंसा, अनुशासन, विश्वप्रेम आदि गुणहरू सामविष्ट हुन्छन्।यसैले संस्कृतिलाई व्यक्तिसाधनामा निर्भर रहने सगुण मान्न सकिन्छ।

अभिवादन मानिस-मानिसमाझ सौजन्यमूलक औपचारिक माध्यम हो।अभिवादन शैली मानिसमा मत्र पाइने हुनाले यसलाई मानवीय संस्कृतिको एउटा अङ्ग मान्न सकिन्छ।य़ो एका-अर्कामाझ आफ्नो भावना, आचार-विचार, संस्कार आदि प्रकट गर्ने सकिने बुनियादि माध्यम हो।नेपाली समाज विभिन्न जात-गोष्ठी, धर्म, परम्परा आदिले सांस्कृतिक फूलबारी हुनाले अरू जातिहरूका तुलनामा नेपाली समाजमा विभिन्न थरिका अभिवादन शैलीहरू प्रचलित छन्।विभिन्न जात-गोष्ठी, संस्कार,धर्म, वर्ग, पद-मर्यदा, भाषा र उमेर आदिका आधारमा अभिवादनका विविध शैली नेपाली समाजमा पाइन्छन्।अभिवादनले मानवीय सम्बन्धलाई सरल, सहज र सौहर्दपूर्ण बनाउन सकेको छ।

## २. अभिवादन शैलीको अर्थ र परिभाषा

अभिवादन संस्कृत भाषाको नामपद हो।यो अभि उपसर्ग र वादन नामपदको योगबाट निर्माण भएको हो।अभिवादनलाई अङ्ग्रेजी भाषामा सेलुटेशन वा ग्रिटिङ्स भनिन्छ।बङ्ला हिन्दीमा अभिवादन शब्द प्रचलित छ।अभिवादन भन्नाले आफूभन्दा ठूलाबडालाई आदरस्वरूप गरिने मान-सम्मान पनि